International Commission of Jurists
P.O. Box 91
Rue des Bains 33
CH 1211 Geneva 8
Switzerland
t +41 22 979 38 00
f +41 22 979 38 01
www.icj.org

**नेपाल : मानवअधिकार दायित्व पुरा गर्न र न्यायिक क्षेत्र सुदृढीकरणका लागि कानुनी तथा नीतिगत सुधार गर्नुपर्ने उच्चस्तरीय अध्ययन टोलीद्वारा सुझाव - आईसीजे प्रतिवेदन**

६ अगष्ट २०२० (२२ साउन  २०७७)

**इन्टरनेश्नल कमिशन अफ जुरिस्ट (आईसिजे) ले आज एक प्रतिवेदन सार्वजनिक गर्दै हालैका वर्षहरुमा भएका व्यापक संवैधानिक तथा राजनीतिक पुन:संरचनापछि, देशमा मानवअधिकार जवाफदेहिता कायम गर्न र सबै नेपालीको  न्यायमा पहुँच  सुनिश्चित गर्न ठोस सुधारका कदम चाल्न नेपाल सरकारलाई आह्वान गरेको छ ।**

सङ्घीय नेपालमा मानवअधिकार र विधिको शासन नामक प्रतिवेदन -The Report on Human Rights and the Rule of Law in a Federal Nepal- ले डिसेम्बर २०१९ मा आईसिजेबाट भएको उच्चस्तरीय अध्ययनका निष्कर्षहरु समावेश गरेको छ ।

५० भन्दा बढी सिफारिसहरु प्रस्तुत उक्त प्रतिवेदनमा द्वन्द्वकाल एवम् समकालीन मानवअधिकार उल्लङ्घनमा उपचार र परिपूरणको माग गरिरहेकाहरुका लागि न्यायको पहुँचमा रहेका व्यवधानहरु हटाउन नेपाली अधिकारीहरुले कदम चाल्नुपर्ने विषय समेटिएको छ । न्याय प्रशासन एवम् कानुन कार्यन्वयनसँगै अदातल तथा राष्ट्रिय मानवअधिकार आयोगबाट भएका निर्देशनहरु कार्यान्वयनका सम्बन्धमा हुने राजनीतिक हस्तक्षेपको अन्त्यका लागि पनि आईसिजेले सम्बन्धित निकायलाई आह्वान गरेको छ ।

“कानुनले सबै नेपालीलाई निष्पक्ष र समान व्यवहार गर्दछ भन्ने विश्वास दिलाउनु सङ्घीय विकेन्द्रीकरणका सामु रहेको प्रमुख चुनौती हो ।” आईसिजेका आयुक्त एवं नेपालको सर्वोच्च अदालतका पूर्व प्रधानन्यायाधीश कल्याण श्रेष्ठले भन्नुभयो - “त्यो  विश्वासलाई कसरी बलियो बनाउन सकिन्छ भन्ने सन्दर्भमा यो प्रतिवेदन  एउटा मार्गदर्शन हो ।”

नेपालमा मानवअधिकार कानुन, नीति र विधिशास्त्रको विकासमा भएको प्रगतिका बावजुद, जवाफदेहिता र न्यायको पहुँचमा रहेका पुराना व्यवधानहरु भने अझै विद्यमान रहेको र धेरैको सम्बोधन हुन नसकेको तथ्य आईसीजेको अध्ययन टोलीले पाएको छ ।

“अवरुद्ध संक्रमणकालीन न्याय प्रक्रिया, कमजोर बनाईएका न्यायिक संस्थाहरु, विभाजित नागरिक समाज र प्रणालीगत भेदभावको निरन्तरताले नेपाल दण्डहिनताको दुष्चक्रमा फसेको स्पष्ट हुन्छ  र त्यसबाट विधिको शासनलाई खतरा पुग्नसक्ने देखिन्छ ।” आईसिजेका आयुक्त ड्याम सिल्भिया कार्टराइटले भन्नुभयो - “ प्रदेश सांसद्हरुको उल्लेखनीय प्रयास, सुदृढ न्यायपालिका, र नागरिक समाजको निरन्तर पैरवीका

बावजुद 'नयाँ' नेपालको प्रतिनिधित्व गर्ने अधिकारीहरुले न्याय प्राप्तिका लागि उठेका मागलाई सुनेर पनि वास्तविक रुपमा सम्बोधन नगरेर विगतकै जस्तो गल्ती दोहोऱ्याउने खतरा छ।"

नयाँ सङ्घीय शासन व्यवस्थाको अन्तर्वस्तुलाई चलायमान गराउने नेपालको संविधान २०७२ का प्रावधानहरुको कार्यान्वयन, फौजदारी न्याय प्रणालीलाई प्रभावित गर्ने अपराध संहिता र अन्य कानुनहरुमा संशोधन र संक्रमणकालीन न्याय प्रक्रियामा प्रगतिको अभावका साथै हालैका राजनीतिक घटनाक्रम र कोभिड १९ले निम्त्याएको अस्थिरता समेतको प्रभावबाट राजनीतिक तथा कानुनी परिप्रेक्षमा भएका पछिल्ला परिवर्तनहरुले, मानवअधिकारमा परेको प्रभावमाथि प्रतिवेदनमा विचार-विमर्श गरिएको छ।

मिसनमा आईसिजे आयुक्तहरु न्यायाधीश सान्जी मोनागेन्ग (बोत्स्वाना), ड्याम सिल्भिया कार्टराइट ( न्यूजील्याण्ड) र पूर्व प्रधानन्यायाधीश कल्याण श्रेष्ठ (नेपाल) का साथै आईसीजेका कानुनी तथा नीति निर्देशक इयान साईडरम्यान र आईसिजे एसिया प्रशान्त निर्देशक फ्रेडरिक रावस्की सहभागी हुनुहुन्थ्यो।

सन् २०१७ मा आईसीजेले गरेको अध्ययन प्रतिवेदनका [(A 2017 ICJ baseline study)] निष्कर्षहरुमा समेत आधारित हुँदै प्रतिवेदनले मुख्य तीन क्षेत्रमा आफ्ना निष्कर्षहरु प्रस्तुत गरेको छ :

- **कार्यान्वयनको अभाव** : नेपालले अन्तर्राष्ट्रिय मानवअधिकार प्रारुपका उल्लेखनीय अन्तर्वस्तु समावेश भएको कानुन र विधिशास्त्रको प्रगतिशील विकासमा उल्लेखनीय प्रगति गरेको छ। उदाहरणका लागि नेपालको संविधान २०७२ मा समावेश गरिएका मौलिक हकसम्बन्धी प्रावधानहरु। यद्यपि, संवैधानिक कार्यादेश, कानुन र न्यायिक निर्णयहरु धेरै अवस्थामा कार्यान्वयन भएका छैनन् वा सक्रिय रुपमा अवमुल्यन गर्ने काम गरिएको छ। यसले गर्दा सरकारमाथि जनताको विश्वास र पीडितहरुका लागि न्यायमा पहुँच कमजोर बन्दै गएको छ।
- **स्वतन्त्र र निष्पक्ष संस्थाहरु** : नेपालले प्रहरी, सरकारी वकिल कार्यालय न्यायपालिका, संक्रमणकालीन न्याय संयन्त्र र राष्ट्रिय मानवअधिकार आयोग लगायतका न्यायिक संस्थाहरुको स्थापना र क्षमता विकासमा प्रगति गरेको छ। यद्यपि, यी संस्थाहरुको क्षमता र स्वतन्त्रता कमजोर अवस्थामा रहेको छ, सँगसँगै यी संस्थाहरु राजनीतिक प्रभाव र हस्तक्षेपको जोखिममा पनि छन्।
- **जवाफदेहिता र न्यायमा पहुँच** : कानुनमा सुधार र संस्थाहरुको निर्माणमा भएको प्रगतिका बावजुद अधिकांश नेपालीहरुले न्याय प्रणालीको पहुँचमा पुरानै व्यवधानहरुको सामना गरिरहेका छन्। अग्रपंक्तिका संस्थाहरु, विशेषगरी प्रहरी र अभियोजनकर्ताहरुमा समुदायहरुसँग प्रभावकारी अन्तर्क्रिया गर्ने राजनीतिक इच्छा र क्षमताको अभाव छ। व्यक्तिगत रुपमा नेपालीहरु, विशेषगरी नागरिकताको प्रमाणपत्र नभएका जातीय अल्पसङ्ख्यक समुदायका व्यक्तिहरुले अदालतमार्फत उपचार लिने क्रममा अनगिन्ती अवरोधहरुको सामना गर्नु पर्दछ।

न्यायपालिकाको स्वतन्त्रताको रक्षा अध्ययन टोलीको मुल विषयवस्तु थियो। अध्ययन टोलीले नेपालको संविधान एवम् अन्तर्राष्ट्रिय कानुनद्वारा निर्दिष्ट मानवअधिकारको संरक्षण गर्न सर्वोच्च अदालतले प्रभावकारी भूमिका निर्वाह गरेको पायो। यद्यपि, न्यायिक निर्णयहरु निरन्तर कार्यान्वयन नहुनुले कार्यपालिका आफ्नो जिम्मेवारी पुरा गर्न असफल रहेको अध्ययन टोलीको निष्कर्ष छ।

“न्यायपालिका, विशेषगरी सर्वोच्च अदालतले मानवअधिकार संरक्षणमा निर्वाह गरेको भूमिकाबाट अध्ययन टोली प्रभावित भयो,” आईसिजे आयुक्त न्यायाधीश सान्जी मोनागेन्गले भन्नुभयो - “यद्यपि हामीले कार्यपालिकाका अधिकारीहरुबाट नियमित रुपमा न्यायिक निर्णयहरुको उपेक्षा हुने गरेको चिन्ता पटक-पटक सुन्यौं । निर्णयहरु कार्यान्वयन नहुँदा न्यायपालिकाप्रति जनताको विश्वासमा ह्रास आउने खतरा देखिन्छ ।”

सर्वोच्च अदालत, नेपाल प्रहरी, राष्ट्रिय मानवअधिकार आयोग र संक्रमणकालीन न्यायका संस्था जस्ता मुख्य निकायहरुको नियुक्ति प्रक्रियामा हुने राजनीतिक हस्तक्षेपले न्यायिक निर्णयहरु प्रतिको सम्मान अझ खस्केको अध्ययन टोलीले पायो । प्रतिवेदनका सिफारिसहरु मार्फत, निष्पक्ष र पारदर्शी नियुक्ति प्रक्रिया साथै अन्य उपायहरुको अवलम्बन गर्दै कानुनको कार्यान्वयनमा हुने राजनीतिक हस्तक्षेप निवारणका लागी आह्वान गरिएको छ ।

“उच्च सार्वजनिक पदाधिकारीको नियुक्तिमा हुने राजनीतिक हस्तक्षेपले जनविश्वास कमजोर बनाउँछ, शासन व्यवस्थाको प्रभावकारितामा ह्रास आउँछ, र भ्रष्टाचारका लागि आधार खडा गर्छ,” पूर्व प्रधानन्यायाधीश श्रेष्ठले भन्नुभयो - “विद्यमान न्यायिक नियुक्तिका संयन्त्रहरु समेत राजनीतिक प्रभावको जोखिममा छन र यसमा सुधार गर्नुपर्छ ।”

यिनै निष्कर्ष र विचारहरुमा आधारित हुँदै प्रतिवेदनले प्रधानमन्त्रीको कार्यालय, सङ्घीय तथा प्रादेशिक सम्सद, नेपाल प्रहरी, महान्यायधिवक्ताको कार्यालय, सर्वोच्च अदालत र राष्ट्रिय न्यायिक प्रतिष्ठानसहित न्यायपालिका, राष्ट्रिय मानवअधिकार आयोग, नागरिक समाज र कुटनीतिक समुदायलाई विस्तृत रुपमा सिफारिसहरु प्रस्तुत गर्दछ ।

**सम्पर्क :**

फ्रेडरिक रावस्की : आईसीजे एसिया प्रशान्त निर्देशक, इमेल : frederick.rawski(a)icj.org
इयान साईडरम्यान: आईसीजे कानुन तथा नीति निर्देशक, इमेल : ian.seiderman(a)icj.org
मन्दिरा शर्मा : आईसीजे वरिष्ठ कानुनी सल्लाहकार, इमेल : mandira.sharma(a)icj.org